## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

**लेटाङ नगरपालिका**

स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड क | संख्याः १ | मितिः २०७९/३/१३ |

**भाग-१**

### लेटाङ नगरपालिकामा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने बनेको ऐन २०७६ लाइ संशोधन गर्न बनेको ऐन, २०७९

लेटाङ नगरपालिकाद्वारा तर्जुमा गरी कार्यान्वयनमा रहेका विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने ऐनमा समसामयिक संशोधन वाञ्छनीय भएकोले
लेटाङ नगरपालिकाको एघारौं नगरसभाले यो ऐन बनाइ जारी गरेकोछः-

१. लेटाङ नगरपालिकामा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने बनेको ऐन २०७६ को दफा १७ को उपदफा (४) पछि देहायको उपदफा (५) थप गरिएको छः-

(५) नगरपालिकाले नगरभित्र आइपर्ने विपदका घटनाहरुमा जोखिमको संवेदनशीलता मध्यनजर गरी तत्काल व्यवस्थापनका लागी प्राविधिकको लागत अनुमान र प्रत्यक्ष निगरानीमा प्रयोग गरिने जुनसुकै प्रकारका प्राकृतिक स्रोत साधन संकलन तथा उपयोगमा लाग्ने राजस्व लिइ वा नलिइ उपयोग गरी थप क्षति हुन नदिन अनुमति दिन सक्नेछ ।

प्रमाणीकरण मितिः २०७९/३/१३

आज्ञाले
पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत